म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ८८ बुधबार, १७ कात्तिक २०७८ त्रयोदशी ने. सं. ११४१ कौलाथ्व 3 November, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

साझाकुरा

www.sajhakuranews.com राष्ट्रिय दैनिक

## गाउँपालिका अध्यक्ष मोक्तान निलम्बित

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको कैलाश गाउँपालिकाका अध्यक्ष टंक मोक्तानलाई निलम्बन गर्न विशेष अदालत काठमाडौंले पत्र पठाएको छ ।

अख्तियार दुरुपयोग अनुसान्धान आयोगले असोज १५ गते भ्रष्टाचार अभियोगमा अध्यक्ष मोक्तानसहित कर्मचारीहरुबिरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको थियो ।

असोज १७ गते नै अध्यक्ष मोक्तानलाई निलम्बन गर्न बिशेष अदालत काठमाडौंले पत्र पठाए पनि सो पत्र गाउँपालिकाको कार्यालयमा कार्तिक ९ गते मात्रै दर्ता भएको हो ।

त्यसयता अध्यक्ष मोक्तान गाउँपालिकाको कार्यालय गएका छैनन् । हाल उपाध्यक्ष सुकुमाया थिङले कार्यावाहक अध्यक्षको जिम्मेवारी सम्हाल्दै आएकी छन् । एमालेबाट निर्वाचित अध्यक्ष मोक्तान एमाले विभाजनपछि हाल नेकपा समाजवादीमा समाहित भएका छन् । गाउँपालिकाको खर्चमा गरिएको विभिन्न कार्यक्रममा अनियमितता भएको भन्दै अख्तियारमा उजुरी परेपछि छानबिन सुरु गरिएको थियो ।

## हेटौंडामा रामचन्द्रको गर्जन

# कांग्रेस अरुको बैसाखी टेकेर उभिँदैन



साझाकुरा संवाददाता

हेटौंडा/सत्तारुढ नेपाली कांग्रेसका बरिष्ठ नेता रामचन्द्र पौडेलले अरुको बैसाखी टेकेर उभिने पाटी कांग्रेस हुन नसक्ने दाबी गरेका छन् ।

सोमबार नेपाली कांग्रेस मकवानपुरको आयोजनामा दिपावली, छठ र नेपाल संवत्का अवसरमा आयोजित शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रमलाई संबोधन गर्दै उनले कांग्रेस कदापी अरु दलको पछुवा बनेर उनीहरुको सहारामा उभिने पार्टी नभएको बताए ।

'कांग्रेस नेपालको ऐतिहासिक दल हो, हरेक परिवर्तन मुख्य नायक कांग्रेसले अरुको सहारा खोज्दैन ।' उनले भने, 'बरु अरु दलहरु कांग्रेससँग मिल्न आउँछन्, कांग्रेसको सहारा खोज्न आउँछन् ।' बरिष्ठ नेता पौडेलले अहिले पाँच दलीय गठबन्धनबाट बनेको आफ्नो पार्टीको सरकारप्रति लक्षित गर्दै यस्तो अभिव्यक्ति दिएका हुन् । कांग्रेस पाटी भित्रैबाट सुधारको खाँचो रहेको उनको भनाइ छ ।

'साढे पाँच वर्षको अवधिसम्म पनि कांग्रेसले आाफ्नो पार्टी भित्रको चुनाव गराउन नसक्नेले अरु चुनावमा भाग लिन सक्छकी सक्दैन ?' उनले प्रश्न गर्दै भने 'पार्टीको क्रियाशिल सदस्यको विवाद अझै नटुंङ्ग्याएकोमा हामी असन्तुष्ट छौं । अहिलेको अवस्थामा पार्टीको हालत र संबैधानिक निकायको यस्तो हालत कसले बनायो ?' कांग्रेसभित्र निर्णय गर्ने क्षमता हराइसकेको बताउँदै नेता पौडेलले कांग्रेसमा निर्णय गर्ने क्षमता नभएको आरोप लगाए ।

पौडेलले पार्टी सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाले चुनाव गर्छु र सोहि चुनावमा भाग लिन्छु भन्नुमा कुनै सत्यता नभएको दाबी गरेका छन् । उनले आन्तरिक महाधिवेशन र निर्वाचन गर्न नसक्ने कांग्रेसको बर्तमान नेतृत्वबाट नेपालको चुनाव गर्छु र सोहि चुनावमा प्रतिस्पर्धा गर्छु भन्नु अनोठो कुरा भएको बताए । उनले भने 'महाधिवेशन भएको साढे पाँच वर्षसम्म पनि अधिवेशन गर्न नसक्ने नेतृत्वले प्रतिनिधिसभा सहितका अन्य निर्वाचनमा भाग लिने कुरा कसरी मिल्छ, आफ्नै चुनाव गराउन नसक्ने कांग्रेसले अरु चुनाव गर्छ भन्ने के ग्यारेन्टी ?'

उनले संघीय सरकारको मन्त्री नियुक्तमै तीन महिना खर्चिनु गलत भएको औल्याए । थोरै मान्छे लिएर पाटी कब्जा गर्ने परिपाटी त्याग्न नेतृत्वलाई सुझाव दिएको उनले बताए । पार्टी भित्रको तानाशाही प्रवृति त्याग्नका लागि आग्रह गर्दै उनले भने- 'कांग्रेसको महाधिवेशन गरौं र पाटी भित्रको तानाशाही फालौं । जसले जिते पनि केही हुँदैन । कांग्रेसले सिंङ्गो राष्ट्रलाई बोक्नु छ ।' एउटा मापदण्डका आधारमा कांग्रेस एक हुनुपर्ने उनले बताए ।

पौडेलले प्रधानन्यायाधिस चोलेन्द्रशम्शेर जबराले राजीनामा दिनुपर्ने बताएका छन् । उनले प्रधानन्यायाधिसले चाँडोभन्दा चाँडो राजीनामा दिएर सम्मानजनक हैसियत निर्माणको लागि सुझाव पनि दिए । 'प्रधानन्यायाधिश ज्यू जतिसक्दो चाँडो राजीनामा दिनुस्, नत्र तपाईंले गरेको गलत काम अझ खुल्दै जानेछ ।'

पहिलेका र अहिलेका प्रधानमन्त्रीहरुसँग गरेको सेटिङका कारण अहिलेको हालत भएको बताउँदै वरिष्ठ नेता पौडेलले भने 'संवैधानिक निकाय र राजदुत नियुक्तमा सेटिङका कारण अहिलेको यो अवस्था आएको हो ।' नेपालीहरुको अथाह विश्वास रहेको न्यायपालिका पछिल्लो केहि वर्षमा ध्वस्त हुने क्रममा रहेको भन्दै पौडेलले चिन्ता व्यक्त गरे ।

जिल्ला सभापति एवम् कांग्रेस बागमती संसदीय दलका नेता इन्द्रबहादुर बानियाँको अध्यक्षतामा भएको कार्यक्रममा बरिष्ठ नेता पौडेलको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा बानियाँले कांग्रेसले देशलाई एक ढंगको निकास दिएर नयाँ शिराबाट सर कार संचालन गरिरहेको बताए ।

उनले केन्द्रीय सरकार सँगै प्रदेशमा समेत आफ्नो नेतृत्व गुमाइसकेको नेकपा एमालेले जनताको मन नजित्दाको परिणाम भोगिरहेको दाबी गरे । नेता बानियाँले आगामी सबै निर्वाचनमा वडादेखि प्रतिनिधिसभा सम्म कांग्रेस पहिलो पार्टी हुनेमा कुनै शंका गर्न जरुरी नरहेको धारणा राखे ।

कार्यक्रममा केन्द्रीय सदस्यद्वय बद्री पाण्डे, महालक्ष्मी डिना उपाध्यायको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा कांग्रेस पूर्वसभापति माइकल रामचन्द्र अर्याललगायत विभिन्न भातृ एवं शुभेच्छुक संगठनका नेता कार्यकर्ताको उपस्थिति थियो ।

# अब हेटौंडाबाटै श्रम स्वीकृतिको व्यवस्था हुने



साझाकुरा संवाददाता

हेटौंडा/संघीय सरकारका श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ (किसान) ले हेटौंडा आएर नागरिकको सेवा सुविधामा आफू गम्भिर भएको बताएका छन् ।

चितवन हुँदै बारा जाने क्रममा हेटौंडास्थित श्रम तथा रोजगार कार्यालयको अनुगमनमा आएका श्रेष्ठले बागमती प्रदेशका मकवानपुरसहित तल्लो भेगका जिल्लाबासीलाई सुविधा पुग्ने गरी श्रम स्वीकृति यहाँबाटै मिलाइने प्रतिबद्धता व्यक्त गरेका छन् । कार्यालयको अनुगमन गरेपछि सम्बोधन गर्ने क्रममा मन्त्री श्रेष्ठले श्रम तथा रोजगार कार्यालयबाट वैदेशिक रोजगारीका लागि श्रम स्वीकृतीको व्यवस्था गर्ने बताएका छन् ।

'देशका अन्य स्थानबाट पनि श्रम स्वीकृतिको व्यवस्था मिलाइएको रहेछ । अब हेटौंडाबाट पनि श्रम स्वीकृतिको व्यवस्था गर्ने प्रतिबद्धता जनाउँछु ।' श्रेष्ठले भने ।

बाँकी ४ पेजमा

## दुरबिन प्रविधिबाट नाकको सफल शल्यक्रिया

साझाकुरा संवाददाता






हेटौंडा/ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडा अस्पतालमा पहिलोपटक दुरबिन प्रविधिबाट नाकको सफल शल्यक्रिया भएको छ ।

अस्पतालमा कार्यरत डा. अनुप सञ्जेल र अनुपम राज उपाध्यायको टिमले दुरबिन प्रविधिबाट सफल शल्यक्रिया गरेका हुन् । उनीहरुले मकवानपुरको राक्सिराङ गाउँपालिकाको १३ वर्षिय शिव स्याटघानीको शल्यक्रिया गरेका छन् ।

यसअघि यसप्रकारको शल्यक्रिया गर्दा धेरै समय लाग्ने र जोखिम पनि हुने गरेकोमा अस्पतालमा आएको नयाँ दुरबिन प्रविधिले सहज भएको अस्पताल सञ्चालक समितीको सदस्य उत्सव चौलागाईंले बताए ।

उनले नाकमा मासु पलाएको बालकको दुरबिन प्रविधिबाट आईतबार सफल शल्यक्रिया गरेर सोमबार डिस्चार्ज गरिएको बताए । चौलागाँईको अनुसार दुरबिन प्रविधिबाट छिटो, सजिलो र कम लागतमा शल्यक्रिया हुने गर्दछ ।





Horizon Auto Pvt.Ltd. Hetauda-10, TCN Road
057522498, 9801305439, 9801305418, 9801368461

## सालको चिरान काठसहित लामा पक्राउ

साझाकुरा संवाददाता



हेटौंडा/सालको चिरान काठसहित हेटौंडाका एक युवक पक्राउ परेका छन् ।

मकवानपुर प्रहरीले १०५.६६ क्यूफिट सालको चिरान काठसहित हेटौंडा-३ बस्ने ३८ वर्षीय उमेश लामालाई पक्राउ गरेको हो ।

लामालाई जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले सोमबार हेटौंडा-३ सरस्वती पाखा टोलमा बन्द भान्सा कोठा भित्र लुकाएर राखेको उक्त परिणामको चिरान काठसहित पक्राउ गरेको जनाएको छ ।

लामालाई आवश्यक कार्बाहीको लागि डिभिजन वन कार्यालय राप्ती पठाइएको मकवानपुर प्रहरी प्रवक्ता डिएसपी जयश्वर रिमालले बताएका छन् ।

## कर्मचारी आवश्यकता

यस मकवानपुर साझा यातायात प्रा.लि.को लागि निम्न बमोजिम कर्मचारीहरु आवश्यक परेको हुादा सम्बन्धित काममा अनुभव र हेटौंडा बजार क्षेत्रका व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

- **पद** : चालक (२ जना)
- **उमेर** : ३५-४५ वर्षसम्म, हेभी लाइसेन्स भएको र कम्तिमा ५ वर्षको अनुभव

- **पद** : कन्डक्टर (१ जना महिला/पुरुष)
- **उमेर** : २५-३५ वर्षसम्म

- **तलब/भत्ता** : आपसी समझदारीमा

साथै, साझा बस फोल्डिङ सिट भएको, सुमो स्कार्पियो, बोलेरो सुपथ मुल्यमा रिजर्भ/भाडामा उपलब्ध छ ।

**सम्पर्क:**

**९८५५०६८८७३, ९८४५४५७५०७**

## १२ जनालाई परीक्षण गर्दा एक जनामा कोरोना

साझाकुरा संवाददाता

हेटौंडा/कोरोना संक्रमणको दोस्रो लहर कायमै रहेको अवस्थामा मकवानपुरमा मंगलबार एक जना कोरोना संक्रमित थपिएका छन् ।

स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार १२ जनाको एन्टिजेन विधिबाट परीक्षण गर्दा एक जनामा संक्रमण पुष्टि भएको हो । मकवानपुरको मंगलबारको कोरोना संक्रमित दर ८ प्रतिशत रहेको छ ।

जिल्लामा हाल सम्म कोरोना संक्रमितको संख्या १५ हजार ४ सय ४ रहेको छ । त्यसैगरी मकवानपुरमा पछिल्लो २४ घण्टामा कोरोनामुक्त हुनेको संख्या १३ रहेको छ । कोरोना संक्रमण दर कायम रहेको अवस्थामा चाडपर्वका कारण बजार क्षेत्रमा भीडभाड बढेको छ । पछिल्लो समय बढेको भीडभाडका कारण संक्रमण दर बढ्ने देखिन्छ ।

## आकर्षक घडेरीहरू बिक्रीमा

हेटौंडा उपमहानगरपालकि वडा नं.-१५, रातोमाटेपनेश स्थित महेन्द्र राजमार्ग रातोमाटे बजारवाट मात्र ३ कि.मी. पूर्वतर्फ रिङरोडको बस्तिमाझ खानेपानी, ढल, विद्युतको सुविधा भएको, ब्यापारिक तथा आवसिय प्रयोजनको लागि अति उपयुक्त आकर्षक घडेरीहरू सुपथ मुल्यमा बिक्री वितरण हुदैंछ ।





| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |

०५७-५२३९३१ ९८४९११०८९२ ९८५५०६८७१६ ९८०२९१४११६
९८५११६७२६७ ९८५५०७२३०८ ९८४५०२८५१९

**leadership mentoring programme**

A year-long mentorship programme for young women in Nepal to enhance leadership skills

Deadline: Tuesday, 16 November 2021, 23:59 NPT
To Apply: bit.ly/3ALJ1XL

काठमाडौं स्थित बेलायती दूतावासले महिला तथा बालिकाहरुलाई सशक्तिकरण गर्न सहयोगी सम्बन्ध निर्माण र प्रवर्द्धन गर्नु महत्वपूर्ण रहेको विश्वास गर्दछ। तसर्थ, बाल बालिकाको अन्तर्राष्ट्रिय दिवस २०२१ मा, महिलाहरुले नेतृत्व गरेका दूतावास र विकास एजेन्सीहरूको समूहद्वारा सञ्चालित यस एक वर्ष लामो मार्गदर्शन कार्यक्रमको हिस्सा बन्न, हामी नेपालका सबै युवा महिलाहरूलाई आह्वान गर्दैछौं।

सफल उम्मेदवारहरूले आफ्नो नेतृत्व सिप विकास गर्नका निम्ति काठमाडौं स्थित महिला राजदूतहरु र एजेन्सीहरूका प्रमुखहरूबाट मार्गनिर्देशन (मेन्टरीङ) प्राप्त गर्ने अवसर पाउनेछन्।

सफल आवेदकहरूलाई निम्न अनुभवी सहयात्रीहरु (मेन्टर्स) मध्ये एकद्वारा मार्गनिर्देशन गरिनेछ:

- नेपालका लागि बेलायती राजदूत, महामहिम निकोला पोलिट् (Nicola Pollitt)
- नेपालका लागि अस्ट्रेलियाली राजदूत, महामहिम फेलीसिटी भोल्क (Felicity Volk)
- नेपालका लागि युरोपियन यूनिएनका राजदूत, महामहिम नोना डुप्रेज (Nona Duprez)
- नेपालको लागी स्विट्जरल्याण्डका राजदूत, महामहिम एलीजाबेथ भन कपेलर (Elisabeth von Capeller)
- यूएसएआईडीकी प्रमुख सेपीडे कीभ्यान्सड् (Sepideh Keyvanshad)
- ब्रीटिस काउनशील नेपालकी राष्ट्रिय निर्देशक शाहीदा म्याकडोगल (Shahida MacDougall)
- संयुक्त राष्ट्रसंघका आवासीय संयोजक, सारा बेसोलो न्यान्टी (Sara Beysolow Nyanti)
- नेपालका लागी यूनीसेफकी प्रतिनिधि एल्के विस्च (Elke Wisch)
- यूएनडीपीकी आवासीय प्रतिनिधि एशानी मेडागन्गोडा- लाबे (Ayshanie Medagangoda–Labe)

कसरी आवेदन पेश गर्ने भनेर पूर्ण जानकारी पाउनको लागि, कृपया www.gov.uk/government/news/participate-in-a-womens-leadership-mentoring-programme-in-nepal मा जानुहोस्।

साझाकुरा

## हाम्रो कुरा

# पर्यटकीय व्यवसाय उत्रिनमा जोड गरौं

कोरोना संक्रमणको महामारीका कारण देशभरका पर्यटकीय क्षेत्र करिब १६ महिना सुनसान थिए । चाडपर्वको चहलपहलसँगै अहिले केहि हदसम्म पर्यटकीय क्षेत्रमा पर्यटकको आगमनमा बृद्धि भएको छ । मुलुकको अर्थतन्त्रमै व्यापक उतारचढाव ल्याउने पर्यटकीय क्षेत्रको विकास र यसलाई चलायमान बनाउन सरकारले कोरोना महामारीलाई मात्र दोष नदिइ नयाँ योजना ल्याउनसमेत जरुरी छ । मकवानपुरको सवालमा सबै १० वटै स्थानीय तहमा कुनै न कुनै पर्यटकीय सम्भावनाका क्षेत्र रहेको हुँदा आफ्ना पर्यटकीय सम्भावनाका क्षेत्रहरु पहिचान गरी गुरुयोजनासहित त्यस्ता क्षेत्रको विकासका लागि काम गरेमा पर्यटनबाट राम्रै फाइदा लिन सकिने सम्भावना देखिन्छ ।

पर्यटनको विकासका लागि सबैभन्दा महत्वपूर्ण कुरा उपयुक्त पूर्वाधार हो । जतिसुकै पर्यटकीय सम्भावना बोकेका क्षेत्र भए पनि आवश्यक पूर्वाधार छैन भने त्यहाँ पर्यटक आउँदैनन् । पर्यटकहरुलाई आकर्षित गर्नका लागि पर्यटकीय सम्भावनाका साथै उनीहरुका लागि आरामदायी बस्ने ठाउँ, उपयुक्त खाने ठाउँ, सहज यातायात सुविधा अनि आवश्यक सुरक्षा व्यवस्था अनिवार्य हुन्छ । अहिले मुलुकमा स्पष्ट पहिचान भइसकेका पर्यटकीय क्षेत्रमै पर्याप्त पर्यटक पुग्न सकेका छैनन् । पर्यटनको मद्दतबाट देशको आर्थिक विकास गर्ने हो भने बाह्य पर्यटक भित्र्याउनु आवश्यक हुन्छ । विश्वका ठूला पर्यटन सल्लाहकार संस्थाहरुले नेपाल विश्वकै प्रमुख १० गन्तव्यको सूचीमा समावेश गरे पनि सोचेजति पर्यटक ल्याउन सकिएको छैन । पर्यटकहरुलाई नेपाल भित्र्याउन सरकारले यसअघि नेपाल भ्रमण वर्ष १९९८, पर्यटन वर्ष २०११ घोषणा गरी प्रयास गरेको भए पनि सरकारले लिएको लक्ष्य हासिल गर्न नसकी त्यो पूर्ण सफल बन्न नसकेको स्पष्ट छ । फेरि पनि सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षको रुपमा मनाउने निर्णय गरेको भए पनि पर्यटकको आगमन बढाउन आवश्यक प्रचारप्रसार र पूर्वाधार निर्माणमा पर्याप्त ध्यान दिन सकेको देखिँदैन । यसका लागि अब केन्द्र सरकारको मात्र मुख नताकी प्रदेश तथा स्थानीय तहका सरकारले समेत पुराना र नयाँ सम्भावना भएका पर्यटकीय स्थलमा कसरी पर्यटक लैजाने र उनीहरुलाई केकस्ता गतिविधिमा सक्रिय गराउने भन्ने स्पष्ट कार्यक्रम चाहिन्छ । सबै तहका सरकारको समन्वय र सहकार्यमा पर्यटन क्षेत्रको विकास र आवश्यक पूर्वाधार निर्माण गर्न सकेमा पर्यटनको विकासबाट आर्थिक समृद्धिमा सहयोग पुग्ने विश्वास गर्न सकिन्छ ।

विश्वभर परिचित भएका पर्यटकीय क्षेत्रमा समेत पर्याप्त विदेशी पर्यटक पुग्न नसकेको अवस्थामा नयाँ पर्यटकीय गन्तव्यमा विदेशी पर्यटकलाई आकर्षित गर्ने कुरा त्यति सजिलो छैन । नेपालको धेरै डाँडा तथा गाउँलाई पर्यटकीय क्षेत्र बनाउन सकिने भए पनि आवश्यक पूर्वाधार विकास र अन्य सम्भावनालाई मध्येनजर गरेर मात्र पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनु आवश्यक देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५[illegible] |
| बारुण यन्त्र: | |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ असोज १८ गते बिहीबार ४ नोभेम्बर २०२१ । कात्तिक कृष्ण औंसी । कौलागा चतुर्दशी ११४१ । सूर्योदय ६:१६ र सूर्यास्त ५:१७ मा हुनेछ । लक्ष्मी पुजा/महाकवी लक्ष्मीप्रसाद देवकोटाको जन्म जयन्ती/सुखरात्री ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अध्ययनमा बाधा | **तुला** | : आफन्तजन भेट |
| **वृष** | : धन प्राप्ति | **वृश्चिक** | : भित्रजन भेट |
| **मिथुन** | : शत्रुबाट मुक्त | **धनु** | : प्रेममा सफलता |
| **कर्कट** | : धन नष्ट | **मकर** | : शुभ कार्यको थालनी |
| **सिंह** | : मिष्ठान्न भोजन | **कुम्भ** | : सुख प्राप्ति |
| **कन्या** | : आलश्यता | **मीन** | : यात्राको योग |

# तिहार : पूजाको होइन, स्वास्थ्यको पर्व



लक्ष्मण पन्त



कात्तिक १६ देखि यमपञ्चक पर्व सुरू भयो । तिहार भन्छौं हामी यस पर्वलाई । दीपावली पनि हो यस पर्वको अर्को नाम । दसैंपछि दोस्रो ठूलो पर्व हो यो । यस पर्वलाई हरेकवर्ष कात्तिककृष्ण त्रयोदसीदेखि कात्तिक शुक्ल द्वितीयातक मनाइन्छ । पाँच दिनसम्म मनाइने भएकाले यमपञ्चक भनिएको हो । यम अर्थात् काल वा समयको समेत सम्झना गरिन्छ यतिबेला । त्यसैले पञ्चकमा यम विशेषण जोडेर यमपञ्चक भन्ने गरिएको हो । काग र कुकुरदेखि गाई, गोरु, तथा मानिसको समेत पूजा हुने गर्छ यस पर्वमा । दीपावली गरी लक्ष्मी र गोवर्धन पर्वतको समेत पूजोपासना यस पर्वको थप विशेषता हो ।

कात्तिककृष्ण त्रयोदशीका दिन धन्वन्तरी जयन्ति मनाउने गरिन्छ । धन्वन्तरी आयुर्वेदसित सम्बन्धित देवता हुन् । उनी देवासुर संक्रमकका बेला समुद्र मन्थन गर्दा अमृतघडाका साथमा प्रकट भएका हुन् भन्ने पौराणिक कथन छ । मिथक हो, हुन पनि सक्छ न हुन पनि सक्छ तर आयु र आरोग्यका प्रतीक भने पक्कै हुन् उनी र यसैसित सम्बन्धित छ तिहार पर्व पनि । दीपावलीको अन्तर्य पनि आयु र आरोग्यसितै सम्बन्धित छ, जसले तन र मनलाई सफा र उज्यालो पार्नुपर्ने सन्देश दिएको छ ।

साउनदेखि माघसम्मलाई दक्षिणायन भनिन्छ । यो भनेको सूर्य किरण तेर्सो पर्ने समय हो हाम्रो यहाँ । त्यसमा कात्तिक महिना मध्यन्तरको समय हो । साउनदेखि सुरू भएको सूर्य किरणको तेर्सिनेक्रम असोजसम्म एउटा विन्दुमा रहेको हुन्छ भने मंसिरदेखि माघसम्ममा अन्तिम विन्दुमा पुगिसकेको हुन्छ । यस अर्थमा सर्दी र गर्मीको सन्धी समय मान्नुपर्ने हुन्छ कात्तिक महिनालाई । त्यसैले शरीरलाई थप उर्जा आवश्यक हुन्छ यतिबेला ताकि प्रकृतिमा आएको परिवर्तनलाई पचाउन सकियोस् । दीपावली लगायत यम अर्थात् काल वा समयको सम्मान वा सम्झना पनि यसैका लागि हो र अमृतघडाका साथमा धन्वन्तरीको उत्पत्ति प्रसङ्ग पनि यसैसित सम्बन्धित छ ।

तर, हिजोआज त्यसको स्थान लक्ष्मीपूजाले लिएको छ, जुन पर्वको विशुद्धतम उद्देश्य विपरीत कुरा हो । पर्वको उद्देश्य थियो प्रकृतिमा आएको परिवर्तनलाई आत्मसात् गरी शरीरलाई स्वस्थ र तन्दुरुस्त राख्ने प्रयास गर्नु, व्यवहार गर्न थालिएको छ नयाँ भाँडाकुँडा र धन सम्पत्ति जम्मा पारेर पूजा गर्ने । जसले गर्दा नहुनुपर्ने जति सबै भइरहेका छन्, हुनुपर्ने जति केही पनि हुन सकेका छैनन् । वर्षको एकपटक धन सम्पत्ति जम्मा पारेर पूजा गर्दैमा धनी भइने भए हामी जति धनी कोही हुने थिएनन् सायद दुनियाँमा ।

पर्व मनाउनुपर्छ, मनाउनु हुन्न भनेको होइन । यो हाम्रो पहिचान पनि हो र पुर्खाको धरोहर पनि हो तर, पर्वको उद्देश्य एकातिर र व्यवहार अर्कोतिर गर्नु भनेको काशी जानु कुतिको बाटो बाहेक केही होइन तर सुन्ने कसले ? जे चलेको छ त्यस्तै चल्नुपर्छ भन्ने गर्छन् धर्मसंस्कृतिका ठेकेदारहरू । संशोधनका नाममा कमा र फुलस्टप मात्र चलाउनु पनि घोर अपराध मानिन्छ उनीहरूको नजरमा ।

केही दिन अघि यसै अनलाइनमा पंक्तिकारको दसैं पर्व छोट्याउँ शीर्षकको आलेख प्रकाशित थियो । धेरैले मन पराए । झण्डै चार हजार जतिले शेयर गरे तर प्रतिक्रिया भने प्राय: सबै गालीगलौजकै थिए । भन्नु पनि भनियो, नभन्नु पनि भनियो । संस्कृति र संस्कार भँडुवा, डलरवादको भतुवा, इसाइपरस्त परजीवी चिन्तन केके हो केके ।

जबकि आलेखको आशय दसैं पर्व खर्चिलो भयो, बहिस्कार गर्नुपर्छ जस्ता नानाभाँतीका आरोप र गुनासो उठ्न थाले त्यसैले पर्वका दिन घटाएर भए पनि सर्वपक्षीय बनाउनेतर्फ सरकार, समाजशास्त्री, नागरिक समाज आदि सबै पक्षले ध्यान दिनुपर्छ भन्ने किसिमको थियो । सानैमा कतै पढेजस्तो लाग्छ एक सज्जनले दुईवटा बाँदर पालेका रहेछन् । काम चाहिँ आफू सुतेका बेला गोडा मिच्ने तोकिएको रहेछ । एकदिन सज्जनले निद्राको सुरमा गोडा खप्ट्याएछन्, बाँदर न ठहर्‍यो, एकले तेरो गोडा किन यता ल्याइस् भनेर गोडामा टोकिदिएछ । अर्को पनि के कम । तेरो चाहिँ किन ल्याको नि भन्दै अर्को पनि टोकिदिएछ । विचराहरूका विचार त मालिकलाई मान गर्ने नै थियो तर व्यवहार उनैलाई घाइते बनाउने हुन पुग्यो । हाम्रो धर्मसंस्कृति र संस्कारको अवस्था पनि त्यस्तै छ । जेजसले धर्मसंस्कृति संरक्षणको कुरा गरिरहेका छन् उनीहरूका सोच स्वयं धर्मसंस्कृतिकै निम्ति घातक बनिरहेको छ । समाजमा जति पनि उच, निच, छुत, अछुत, ठूलो, सानो जस्ता संस्कृतिका नाममा पलाएका विकृति छन् सबै यस्तै कन्जरभेटिभ विचार र चिन्तनका उपज हुन् । वेदले भन्यो- सबै समान छौ, समानताको व्यावहार । यसैबाट नै तिमीहरूको व्यवहार चल्छ ।

*समानी व: आकूति: समाना फदयानि व: ।*
*समानमस्तु वो मनो यथा व: सुसहासति ।*
*(ऋग्वेद १०।१९०।४)*

तर, व्यवहार हेरौं त कस्तो छ ? गल्ती गरेको छ एउटाले, गाली खाइरहेको छ अर्कोले कस्तो बिडम्बना । होला, उद्देश्य उनीहरूको पनि नराम्रो नहोला । धर्मसंस्कृति संरक्षण गर्नुपर्छ भन्ने नै होला तर संरक्षण गर्ने नाममा यस्ता व्यवहार हुन थाले कि, जसका कारण धर्मसंस्कृति आफैं थप संकटमा पर्दैछ । जसलाई अछुत र दलितको कित्तामा उभ्याइएका छन् वास्तवमा तिनीहरू बिना न धार्मिक कृत्य पूरा हुन्छन् न संस्कार र संस्कृति नै धानिन्छन् । देवीदेवताको हतियार र गहना मात्र होइन उनीहरूका मूर्ति र तिनलाई राख्ने मन्दिरको निर्माणसमेत उनीहरू बिना सम्भव हुँदैन । शिवजीको त्रिशूल बनाउने पनि उनीहरू नै हुन्, विष्णुका चक्र बनाउने पनि उनीहरू नै हुन् । देवीको घण्ट बनाउने पनि उनीहरू नै हुन् । सबैभन्दा बढी तिनीहरूलाई बनाउने नै उनीहरू नै हुन् । उनीहरूले बनाएका र बजाएका बाजा बिना न कुनै माङ्गलिक कार्य हुन्छ न उनीहरूलाई अघि नलगाई त्यस्ता कार्य सम्पन्न गर्न सकिन्छ । लगाउने जुत्ता र कपडा सिलाउने उनीहरू नै हुन्छन्, खाने पकाउने भाँडा बनाउने उनीहरू नै हुन्छन् । जब कुनै पनि धार्मिक, सामाजिक, माङ्गलिक कार्य उनीहरू विना पूरा हुन्न भने उनीहरू आफैं चाहिँ कसरी अछुत हुन सक्छन् ? उत्तर दिने कसले ? दिनुपर्ने तिनै समूहले हो जसले परम्पराको विरासत धान्नुपर्छ भनिरहेका छन् तर उनीहरू त्यस्तो कुरा सुन्नै चाहँदैनन् । थाहा छैन यस आलेखबाट अरू कति शब्दवाँण वर्षिने हो । अहिलेलाई यति नै भन्न सकिन्छ वर्षा भने पक्कै हुनेछ । तैपनि केही छैन भएको कुरा गर्नैपर्छ । देखेको कुरा बोल्नैपर्छ । यदि धर्मसंस्कृति संरक्षण गर्ने हो भने योभन्दा अर्को विकल्प नै छैन ।

प्रसङ्ग चल्दैछ तिहार पर्वको । जसले जे भने पनि यसको उद्देश्य हाम्रो आयु र आरोग्य बढाउने प्रयास गर्नु नै हो र यसले सिकाएको पाठ पनि त्यही नै हो । कसले कसरी लिन्छन् उनीहरूको कुरा हो तर धन जम्मा गरेर पूजा गरेको भरमा धनी बन्न सकिन्न भन्ने कुरा भने ध्रुवसत्य हो । लक्ष्मीको गति चञ्चल छ । उसलाई प्राप्त गर्न जम्मा पारेर गरिएको पूजाले होइन चलाएर र खेलाएर सकिन्छ । लक्ष्मीको विशेषता भनेकै जसले त्याग्न सक्छ उसैलाई पछ्याउने हो । समुद्र मन्थन गर्दा जब उनी प्रकट भइन् विष्णु बाहेक चाहने सबै थिए । यहाँसम्म कि वीतरागी ऋषिमुनिहरूसमेत र्‍याल चुहाइरहेका थिए तर वरण भने तिनै विष्णुलाई गरिन्, जो पन्छिन खोज्दै थिए । अस्तु अहिलेलाई यति नै, बाँकी यहाँहरूको मर्जी ।

- साभार: रातोपाटी

# कर्नालीका कहर कतिपय



वीरेन्द्र बटाला



कर्नाली प्रदेश मुलुककै एक अनुपम क्षेत्र हो, जहाँ सम्भावनाले अवसर दिएको छ । रोजगारी दिएको छ । बाँच्ने आधार दिएको छ । लगानीका अभावमा कर्नालीका थुप्रै सम्भावनाले टुलुटुलु हेरिरहेका छन् । यस अर्थमा हेर्दा अब कर्नालीमा आएर दु:खका गीत होइन, समृद्धिका गीत लेख्न बाध्य बनाउने अवस्था सिर्जना गर्नु अहिलेको आवश्यकता हो ।

भौगोलिक रूपमा निकै टाढाको बस्ती यो, हो । सुन्दर मनोरम वातावरणमा सजिएको कर्नालीको प्राकृतिक सौन्दर्य त छँदै छ त्यसमाथि यहाँको भाषा-भेषभूषा र सांस्कृतिक परम्पराले थप सजिएको छ । विकास निर्माण सम्भावनामा अगाडि देखिएको कर्नालीमा लगानीकर्ताको हात फिजिएको भने छैन ।

जस्तो एक मात्र उदाहरण दिऊँ कर्नालीलाई जलविद्युत् उत्पादनको क्षेत्रका रूपमा विकास गर्न सकिने थुप्रै आधार छन् । कर्नाली हुम्ला हुँदै बग्रुने हुम्ला कर्नाली, डोल्पा हुँदै बग्ने भेरी र जुम्ला हुँदै बग्रुने तीला नदीको पानीको उपयोग गरेर विद्युत् हबको रूपमा विकास गर्न सकिने आधार छन् । त्यस्तै कर्नालीको पर्यटन सम्भावनामा मात्रै लगानी गरे समृद्धि कुर्नु नपर्ने स्थिति आउँछ ।

जनतामा विकासको आभास र रोजगारीको सिर्जना भयो भने आफैं समृद्ध कर्नाली प्रदेश हुन्छ र जनताको जीवनस्तरसमेत माथि उठ्छ । प्रत्येक कर्नाली प्रदेशका जिल्लामा भूगोलको आधारमा शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, सञ्चार आदि कुराको सुविधा भयो भने हामी कर्नालीबासी रोग, भोग र सिटामोल र जीवनजल नपाएर र सुत्केरी महिलाहरू रगतको अभावमा अकालमा मृत्युको सिकार हुनबाट बच्न सकिन्छ ।

कर्नाली बोल्नासाथ हाम्रो जनजिब्रोमा झुण्डिएको र कर्नालीवासीले मन पराएको 'कर्नाली'लाई सम्झन्छौं, मनन गर्छौं र एक पटक पुगेर अनुभव गर्छौं भन्ने जोसुकैको मनमा लाग्न सक्छ । कर्नाली एउटा सभ्यता हो । ठूला-ठूला सहरको मानव सभ्यताको विकास नदीसँग जोडिएको हुन्छ । एथेन्स वा मेसोपोटोमिया किन नहोस् वा रोमन सभ्यता नै किन नहोस्, हामी नदीसँग जोडिन्छौं । यस्तै नेपालको पुरानो सभ्यता कर्नाली हो र यो कर्नाली नदीसँग जोडिएको छ । कर्नालीको सभ्यता मानव सभ्यता र संस्कृतिसँग जोडिएको छ । हिजोको कर्नाली देख्ने पुर्खाहरूले यहाँका कालीकोट, जुम्ला, मुगु र डोल्पामा गाडी गुडिसकेको देखेका छन् । क्रमश: हाम्रो जनजीवनमा परिवर्तन भइरहेको छ । तर हाम्रा आधारभूत आवश्यकताहरू भने पूर्ति हुन सकेका छैनन् ।

नेपालको संघीयतासँगै बनेको संरचनाअनुसार नेपाललाई संघ, प्रदेश र स्थानीय तहमा विभाजन गरेर नेपाललाई ७५ जिल्लाबाट रुकुम र नवलपरासीलाई टुक्रा बनाएर २ जिल्ला थपिएपछि ७७ जिल्ला र ७ ओटा प्रदेशमा अवस्थित भयो । कर्नाली प्रदेश पिछडिएको र दुर्गम जिल्ला मिलेर बनेको प्रदेश पनि हो ।

कर्नाली प्रदेशमा मुगु, हुम्ला, जुम्ला, कालिकोट, दैलेख, सुर्खेत, डोल्पा, जाजरकोट, सल्यान र रुकुम पश्चिम जिल्लाहरू मिलेर बनेको प्रदेश हो । यस प्रदेशमा अझै मोटर बाटो कति जिल्लामा पुगेको अवस्था छैन । शिक्षा, स्वास्थ्य सञ्चार अरु आधारभूत कुराहरू त धेरै परको सपना हो । स्वास्थ्य आधारभूत आवश्यकता भएको हुँदा हरेक नागरिकको पहुँचमा पुग्नुपर्ने हो तर यहाँका अधिकांश स्वास्थ्यचौकीमा कतै औषधि छैन त कतै जनशक्ति छैनन् ।

तसर्थ हाम्रो कर्नालीमा रोग र भोगले मर्नेको संख्या अरु प्रदेशको तुलनामा धेरै माथि रहेको छ । शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात आदि कुराबाट पछाडि रहेको यो प्रदेशका नागरिकलाई साँच्चिकै गाउँमा सिंहदरबार आयो भनेर भाषण पिटेर हिँड्नेहरूलाई हामी आम कर्नालीबासीले कसरी सहानुभूति गर्ने कि ? सरकार गाउँमा छ भनेर ? स्थानीय सरकार आएको पनि करिब पाँच वर्ष सकिन लाग्यो हामी कर्नालीबासीको पीडा र दु:खमा भने सरकार कहिले आएन । 'संघीयताको कार्यान्वयनको चरणमा स्थानीय, प्रदेश र संघ सरकारले आफ्नो मातहत क्षेत्राधिकारमा रही समन्वय गरेमा सबै नागरिक स्वास्थ्यको पहुँचमा पुग्छ,' तर यो कुरा कसैले सोच्दैनन् आ-आफ्नै मेरै राज्यको मै राजा भनेर तिनै तहका सरकार गुम्सिएका छन् ।

नागरिकको सबभन्दा नजिकका रूपमा रहेको स्थानीय सरकार त गाउँमै आयो तर के गर्नु 'नजिकको तीर्थ हेला' भने झैं कुनै फरक छैन । मान्छेका लागि कुर्सी अनि पैसा र पहुँचवालाहरूका लागि मात्र आएको स्थानीय सरकारले गरिब दु:खीको कुरा कहिल्यै सुन्दैन । साँच्चिकै गरिब र साँझ-बिहान काम नगर्दा झुपडीमा आगो नबल्ने जनताका लागि आएको कतै अनुभूति गर्न र देख्न पाइएन ।

कर्नालीमा दु:खको सागर छ । गरिबी अविकास र अभावको जालो छ भन्ने साँघुरो सोच भएकै कारण झन् हामी कर्नालीबासी पछाडि धकेलिँदै छौं । कर्नालीमा कयौं राम्रा कुरा र अवसरको खानी छ भनेर भुसुक्कै बिर्सन्छौं । जैविक विविधताको हिसाबले कर्नाली सबैभन्दा धनी मानिन्छ । तराईको गर्मीदेखि बाह्रै महिना हिउँ रहिरहने क्षेत्र कर्नालीमा पाइन्छ । हुम्ला कर्नाली र मुगु कर्नाली विद्युत् उत्पादनको हिसाबले सबैभन्दा उपयुक्त नदीहरू मानिन्छन् ।

हिमाली जिल्ला मुगु, डोल्पामा खाद्यान्नको अभावले जनता भोकमरीले मर्ने अवस्था अहिले पनि रहेको छ । मोटरबाटो कहिले पुग्ला अझै टुंगो छैन मात्र हवाई यात्राको भरमा कति सम्भावना होला ? बिरामी पर्दा सिटामोल नपाएर कयौं जनताको ज्यान जाने कर्नाली प्रदेशको सुर्खेतबाहेकका अरु सबै जिल्लामा हालसम्म पनि रहेको छ । शिक्षा, स्वास्थ्य, सञ्चार, यातायातमा आमूल परिवर्तन भयो भनेर सयौं अखबारमा सामाचार सुनिन्छ र छापिन्छन् मात्र प्रचारबाजीका लागि । परिमाण र विकास भनेको सुन्रुने रहेको छ । हामी कर्नालीबासी सुत्केरी, ठूलै रोगले बिरामी भएर चेपेको अवस्थामा उपचार गर्ने ठाउँ छैन । ठाउँ पाइहाले पनि घरखेत धितो राख्नुपर्ने अवस्था छ ।

यहाँको मुख्य व्यापारिक केन्द्र नेपालगन्ज सहर भएकाले बिरामी पर्दा उपचार गर्न नेपालगन्ज जान पर्यो भने सडक र यातायातको सेवा नहुँदा बिरामीलाई बोकेर लिन पर्ने र बिरामीको बाटोमै मृत्यु हुने अवस्था छ । झाडापखाला लाग्दा सयौंको ज्यान जाँदा हामी कर्नालीका जनताले सिटामोला र जीवनजल नपाएर मृत्यु सिकार बन्नु पर्‍यो । हामी कर्नालीवासीको थुप्रै समस्या छन् रोग, भोग र शोकले हाम्रो जीवनकाल कहिले माथि उठ्ला ? काठमाडौंको नजर कर्नालीमा कहिले पर्ला ?

घाँसपात, स्याउला, सोतरका लागि ज्यानै जोखिममा राखेर रूख-भीर गर्नुपर्ने कर्नालीका महिलाहरूको बाध्यता छ । घाँस-दाउरा गर्ने क्रममा, बाटोमा हिँड्दाहिँड्दै चिप्लिएर, ढुंगा खसेर, खर काट्ने क्रममा तथा रूख र भीरबाट लडेर कर्नाली प्रदेशमा बर्सेनि दर्जनौं व्यक्तिले अकालमै ज्यान गुमाउने गरेका छन् । अर्कोतिर छिमेकी जिल्लाबाट सुर्खेत, कोहलपुर, नेपालगन्जका अस्पताल लैजाँदा लैजाँदै कतिपयको बाटोमै मृत्यु हुन्छ । ग्रामीण भेकमा यस्ता कयौं समस्याले थला परेको कर्नालीलाई समृद्धतिर धकेल्न गर्नुपर्ने कसरत कसैलाई वास्ता छैन ।

संघीयतासँगै सबै स्थानीय तहमा स्वास्थ्यमा ठूलै तामझामका साथ एकै पटक सयौं अस्पतालको उद्घाटन भयो । तर काम कति सुरु भयो होला कति हुँदै होला कति स्थानीय तहले भने अस्पताल सञ्चालनमा लिएर सेवा दिँदै आइरहेका छन् त कतिले जग बसालेर अलपत्र अवस्थामै छोडेका छन् । हाम्रो कर्नालीको अवस्था भने नामको मात्र अस्पताल रहेका छन् हाम्रो प्रदेश दुर्गम र भौगोलिक हिसाबले पिछडिएको स्थानमा रहेकाले जिल्लाका स्थानीय तहमा सञ्चालनमा रहेका अस्पताल डाक्टर नबस्नुे समस्या बल्झिँदै आएको छ ।

सम्पूर्ण स्थानीय तहमा भूगोलको आधारमा विशेषज्ञसहितको स्वास्थ्य सेवा हुनु हामी कर्नालीबासीको अहिलेको आवश्यकता छ । हामी यो भयो भने कम्तीमा सिटामोल पाउने र बाटोमा जाँदै गर्दा गाडीमा ज्यान गुमाउन पर्दैनथ्यो कि ? र हाम्रो सुत्केरी महिलाको ज्यान जाने अवस्थाको अन्त हुने थियो । कहिले आउँछ सरकार यो व्यवस्था र कहिले पाउँछौं हामी कर्नालीबासीले हाम्रो पनि सरकार छ भन्ने दिन ?

*- साभार: इकागज*

# साहसिक खेलप्रेमीको रोजाइमा 'क्यानोनिङ'



पोखरा (रासस)/ पोखरामा आन्तरिक पर्यटकको चहलपहल बढेसँगै क्यानोनिङ गर्ने आन्तरिक पर्यटकको संख्या पनि बढ्न थालेको छ ।

कास्कीको माछापुच्छ्रे गाउँपालिका-९ मा रहेको झरनामा क्यानोनिङ गर्ने बढ्न थालेको सञ्चालक राम गुरुङले जानकारी दिए । 'दसैँ-तिहारको बिदामा पोखरा घुम्न आउने साहसिक खेलप्रेमी पर्यटकले क्यानोनिङप्रति राम्रो रुचि देखाएका छन्, अहिले दैनिकजसो १५/२० जना आउनुहुन्छ', उनले लामो समय कोरोनाका कारण बन्द रहेको क्यानोनिङ सञ्चालनमा आएसँगै खेलको मज्जा लिनेको संख्या पनि बढ्दै गएको बताए ।

कोरोनाका कारण एउटै दिनचर्यामा समय व्यतित गरिरहेका अधिकांशले क्यानोनिङ गर्दा आनन्द अनुभव गरेर फर्कने गरेको सञ्चालक गुरुङले सुनाए । क्यानोनिङ चट्टानको पहारामा डोरीको सहायताले 'वेट सुट' लगाएर पानीको छहरा छाँगाबाट चिप्लिँदै, हाम फाल्दै झर्ने एक प्रकारको साहसिक खेल हो ।

दसैँ-तिहारको समयमा क्यानोनिङका लागि आफ्ना साथीहरुसहित कुदी छहरा पुगेकी पोखराकी दीपा पौडेलले प्राकृतिक छहरामा रमाउन पाउँदा डरभित्र नै आनन्दको महसुस गरेको अनुभव सुनाए । 'सुरुमा त पानीको छहराको दवाब, अनि चट्टानमा खुट्टा चिप्लिँदा डर पनि लाग्यो, बिस्तारै गाइडहरुले भने जस्तै डोरीको सहायताले झर्दै जाँदा भने निकै आनन्द अनुभूति भयो ।' उनले क्यानोनिङपश्चात् मानसिक र शारीरिक स्फुर्ति पाएको अनुभव सुनाए । पौडेलले साहसिक खेल भएकाले आफूभित्रको डरलाई हटाएर आत्मविश्वास जगाउन पनि यस्ता गतिविधि महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । उनीसँगै क्यानोनिङ गरेकी पोखराकी सौन्दयकर्मी रचना अधिकारीले पनि पहिलोपटक क्यानोनिङ गर्दा निकै आनन्द र रमाइलो अनुभव गरेको सुनाए ।

'मलाई प्राकृतिक कुरामा रमाउन निकै मन पर्छ, यो ठाउँ पनि निकै शान्त रहेछ । चराचुरुङ्गीको चिरबिर आवाजसँगै कलकल बगेको छहरामा डोरीको सहायताले झुण्डिएर पानीमा भिज्नुको मज्जा नै बेग्लै, मलाई निकै आनन्द लाग्यो ।' अधिकारीले पनि आफूभित्रको डर हटाउन र मानसिक स्फुर्तिका लागि क्यानोनिङ गर्दा राम्रो हुने विश्वास व्यक्त गरे । सञ्चालक गुरुङका अनुसार पहिलोपटक क्यानोनिङ गर्न चाहनेहरुका लागि प्रारम्भिक रुपमा डेमो देखाउने, सिकाउने मानसिक रुपमा तयार गर्ने व्यवस्था गरिएको छ । त्यसका लागि गाइडहरुले नै सबै परामर्शसहित डेमो देखाउँछन् । आकस्मिक उद्धारका लागि पनि गाइडहरु तैनाथ रहन्छ । एक पटकमा १४ जनाका लागि क्यानोनिङ गर्ने उपकरणहरु उपलब्ध रहेको गुरुङले बताए ।

उनले भने, 'हामीसँग एकचोटिमा १४ जनालाई पुग्ने आवश्यक सामग्री मात्र छ । क्यानोनिङ गर्दा चिप्लिने, हामफाल्ने, पौडिने र झर्ने जस्ता गतिविधि हुने भएकाले यो जोखिमपूर्ण पनि मानिन्छ ।' उनले साहसिक खेलका लागि क्यानोनरलाई हेलमेट, हार्नेस, वेटसुट, डोरी, जुत्ता लगायनका सामग्रीको प्रबन्ध गरिने बताए । पछिल्लो समय शनिबार र बिदाको दिन क्यानोनिङ र छहरा हेर्न आउनेको संख्या पनि निकै बढेको उनको भनाइ छ ।

कुदी छहरामा क्यानोनिङका लागि दुईवटा ७५ र ४५ मिटर अग्ला सुन्दर झरना छन् । झरनाको सुन्दर दृश्य हेर्ने र टिकटक बनाउनेहरु त्यहाँ पुग्ने गरेका छन् ।

पोखरामा क्यानोनिङ सन् २०१४ बाट सञ्चालनमा आएको हो । पोखराको हरिचोकबाट करिब २२ किलोमिटरको दूरीमा रहेको ल्वाङघलेल गाउँको मुनि कुदी छहरा रहेको छ । क्यानोनिङका लागि तीन तहका प्याकेज छन्, क्यानोनिङ मात्र, 'डे ट्रिप' र 'ओभर नाइट ट्रिप' गरेर दुई हजार ४०० देखि चार हजार ९०० सम्म शुल्क तोकिएको छ ।

साहसिक खेलमा रुचि राख्ने जो शारीरिक र मानसिक रुपमा तयार छन् उनीहरुलाई 'बिगीनर' र 'प्रोफेसनल' गरेर छुट्याइन्छ र झरनामा रम्ने वातावरण तयार गरिन्छ ।

# किन आरोप प्रत्यारोपमा उत्रिए नेपालका स्टिल उद्योगी ?



काठमाडौँ (रासस)/ सरकारले प्रतिस्थापन विधेयकमार्फत 'स्पञ्ज आइरन' को आयातमा भन्सार शुल्क घटाइ स्टिल 'विलेट्स'को आयातमा अन्त:शुल्क लगाउने व्यवस्था गरेसँगै नेपालका स्टिल उद्योगी आरोप प्रत्यारोपमा उत्रिएका छन् ।

सरकारले आर्थिक विधेयक २०७८ मार्फत फलामे डण्डीसँग सम्बन्धित कच्चा पदार्थ स्पञ्ज आइरनको आयातमा भन्सार महसुल तथा अन्त:शुल्क पूर्णरुपमा छुट गरेको छ भने विलेट्स आयातमा ४.७५ प्रतिशत भन्सार महसुल तथा भन्सार विन्दुमै प्रतिमेट्रिकटन दुई हजार ५०० अन्त:शुल्क कायम गरेको छ ।

बजेटमा गरिएको यस्तो व्यवस्थाको नेपालमा स्पञ्ज आयात गरेर विलेट्स उत्पादन गरी डण्डी बनाउँदै आएका उद्योगीले स्वागत गरेका छन् भने विलेट्स आयात गरी डण्डी उत्पादन गर्दै आएका उद्योगीले भने विरोध गरेका छन् । प्रतिनिधिसभाको अर्थ समितिले मंगलबार उक्त व्यवस्थाको पक्ष विपक्षमा रहेका उद्योगीलाई बैठकमा बोलाएर छलफल गरेको छ ।

छलफलमा सहभागी उद्योगीले आआफ्नो तर्कमार्फत समितिलाई विश्वासमा लिएर सरकारको उक्त निर्णय 'जोगाउने' र 'खारेज' गर्ने रणनीतिमा जुटेका छन् । नेपाल स्टिल रोलिङ मिल्स एसोसिएसनमा आबद्ध सदस्यले एसोसिएसनको अध्यक्षले आफूहरुको प्रतिनिधित्व गर्न नसक्ने र अध्यक्ष नै उद्योगी डुबाउन लागेको आरोप लगाएका छन् ।

बैठकमा दुवै पक्षका उद्योगीले सरकारको यस निर्णयबाट मुलुकको राजश्व संकलनमा पर्ने प्रभाव, फलामे डण्डीको उपभोक्ता मूल्य र गुणस्तर, रोजगारी सिर्जना, ऊर्जा तथा स्थानीय कच्चा पदार्थको खपतलगायत विषयमा आआफ्नो दलिल पेश गरेका थिए । नेपालमा २४ वटा विलेट्स आयात गरी डण्डी उत्पादन गर्ने र स्पञ्ज आयात गरी विलेट्स उत्पादन गर्ने १३ वटा उद्योग सञ्चालनमा रहेका छन् ।

समितिले आर्थिक ऐन, २०७८ मा फलामे डण्डीको कच्चा पदार्थ विलेट्स तथा स्पञ्ज आइरनको सम्बन्धमा गरिएको व्यवस्था र उक्त व्यवस्थाले नेपालको अर्थतन्त्रका विभिन्न आयाममा पार्ने प्रभावलगायत विषयमा छलफल आयोजना गरेको थियो । छलफलमा अर्थमन्त्री र सचिव राजधानी बाहिर रहेकाले बैठकमा उपस्थित हुन नसकेको समितिका सभापति कृष्णप्रसाद दाहालले जानकारी गराएका थिए । यद्यपि, बैठकमा समितिका सदस्यहरुको सहभागिता पनि न्यून थियो ।

**के भने विलेट्स आयातकर्ता उद्योगीले ?**

फलामे डण्डीको कच्चा पदार्थ स्पञ्ज आइरन तथा विलेट्सको बीचमा भन्सार महसुल तथा अन्त:शुल्कमा गरिएको विभेदकारी व्यवस्थाले नेपालमा औद्योगिक, वातावरणीय, सामाजिक एवं आर्थिक क्षेत्रमा तत्कालीन र दीर्घकालीन प्रभाव पार्ने विलेट्स आयातकर्ता उद्योगीको भनाइ छ ।

स्पञ्ज आइरनको आयातबाट फलाम उत्पादन गर्दा कच्चा पदार्थको लागतमा विभेद, आन्तरिक मूल्य अभिवृद्धि तथा एकाधिकृत बजारको सिर्जना हुने, उत्पादनको गुणस्तरमा प्रश्न उठ्ने, वातावरणमा दीर्घकालीन असर गर्ने, उद्योगमा काम गर्ने श्रमिकको व्यवसायजन्य सुरक्षामा चुनौती थप्नेलगायत समस्या देखिने उनीहरुको आरोप छ ।

उनीहरुले स्पञ्ज आइरनबाट विलेट्स उत्पादनका क्रममा अत्यधिक प्रदूषण हुने भएकाले स्पञ्ज आइरनमा समेत अन्त:शुल्क तथा प्रदूषण शुल्क लगाउन, कच्चा पदार्थको आयात मै भन्सार विन्दुमा नलगाइ तयारी वस्तुको उत्पादन र बिक्रीमा मात्र अन्त:शुल्क लगाउन सरकारलाई सुझाव दिएका छन् । साख स्टिलका प्रमुख किरण साख प्रतिस्थापन विधेयकमार्फत स्पञ्ज आइरनको आयातमा शून्य भन्सार दर लगाइएको देख्दा उद्योगी अचम्मित बनेको बताउँछन् । सरकारको उक्त निर्णयले १५० अर्ब लगानी गरेका दुई दर्जन बढी उद्योग नराम्ररी प्रभावित भएको उनको भनाइ छ । 'उक्त प्रावधानलाई तत्काल संशोधन गर्नुपर्छ, अन्यथा उद्योग धरासयी हुने अवस्था आउँछ', उनले भने ।

पञ्चकन्या स्टिलका कार्यकारी निर्देशक उज्वल श्रेष्ठ सरकारले यस निर्णयबाट विलेट्स आयात घट्दै र स्पञ्ज आयात बढ्दै गएकाले राजश्व गुम्दै गएको बताउँछन् । 'स्पञ्ज आइरनमा भन्सार छुट सुविधा पाएको मौकामा गत वर्षको कुल आयात परिमाणको करिब ३५ प्रतिशत स्पञ्ज आइरन विगत एक महिनामै आयात भएको छ', उनले भने, 'यसबाट सरकारलाई ठूलो मात्रामा राजश्व नोक्सानी भइरहेको छ ।'

**स्पञ्ज आयातकर्ता उद्योगी भन्छन्- 'डण्डीको उपभोक्ता मूल्य घटेको छ'**

सरकारको उक्त निर्णयबाट फलाम उद्योगका क्षेत्रमा सकारात्मक परिमाण दिएको नेपाल स्टिल विलेट उत्पादक संघको भनाइ छ । सैका अध्यक्ष विष्णुप्रसाद न्यौपाने प्रतिस्थापन विधेयकमा गरिएको व्यवस्थाले नेपालमा डण्डीको मूल्य घट्ने अवस्था आएको तर्क गर्नुहुन्छ ।

स्पञ्ज आइरनको मूल्य घट्दा आफूहरुले उत्पादन गरेको विलेट्स प्रयोग गरेर सस्तोमा डण्डी उत्पादन गर्न उनको अन्य उद्योगीलाई सुझाव छ । 'स्पञ्ज आइरनको भन्सार घट्दा स्थानीय विलेट्स उत्पादकसँग ४ रुपैयाँ प्रतिकिलो सस्तोमा विलेट्स खरिद गरी डण्डी उत्पादन गरी प्रतिकिलो ४ रुपैयाँ घटाइ बेच्न सकिने अवस्था छ', उनले भने, 'बजेटले आज पनि विलेट्स आयात गरेर डण्डी उत्पादन गर्नेलाई भन्सार दर पूरानै लाग्ने र अन्त:शुल्कमा ०.८५ पैसा मात्र बढेकामा एकाधिकारको प्रश्न उठाउन मिल्छ र ?' आफूहरुले उत्पादन गरेकोविलेट्सको गुणस्तरमा कुनै सम्झौता नभएको जिकिर गर्दै उनले नियामक निकायबाट प्रत्येक तीन/तीन महिनामा गुणस्तरको परीक्षण हुँदै आएको बताए ।

स्पञ्जबाट विलेट्स उत्पादन गर्दा अतिरिक्त विद्युत् खपत हुने, यसबाट बिजुली खेर जाने अवस्था न्यूनीकरण हुने, थप रोजगारी सिर्जना हुने, स्वदेशी कच्चा पदार्थको प्रयोग बढ्ने उनको जिकिर छ ।

'यसबाट थप ५०० मेगावट विद्युत् खपत बढ्छ, थप २० हजार रोजगारी सिर्जना हुन्छ । ४० अर्बको आयात प्रतिस्थापन हुन्छ, उपभोक्ताले गुणस्तरीय डण्डी प्रतिकिलो ४ रुपैयाँ सस्तोमा पाउने वातावरण बन्छ', अध्यक्ष न्यौपानेले भन्नुभयो, "नेपालको धौवादी फालाम खानीबाट निस्कने स्पञ्जको नेपालमै प्रयोग हुन्छ । जसबाट मुलुकको कुल गार्हस्थ्य उत्पादनमा एक प्रतिशत बढीले वृद्धि हुन्छ ।'

**उद्योगको संरक्षण गर्नुपर्छः सांसद्**

छलफलमा सहभागी सांसद्ले सरकारको निर्णयबाट उद्योगीलाई अप्ठ्यारो पर्न नहुने र देशमा सञ्चालित उद्योगको संरक्षण र प्रवर्द्धन गरिनुपर्ने बताए । सांसद सुरेन्द्र पाण्डेले राष्ट्रिय उद्योगलाई संरक्षण गर्न राज्यको ध्यान जानुपर्ने बताए । सांसद श्यामकुमार श्रेष्ठले उद्योग बन्द हुने अवस्था आउन नहुने र उद्योगलाई राज्यले संरक्षण गर्नुपर्ने बताए । उद्योगको संरक्षण, सम्बर्द्धन र उत्पादन वृद्धि हुने वातावरण बनाउनुपर्नेमा जोड दिँदै उनले विभिन्न वहानामा उद्योग बन्द गर्ने होइन निरन्तर सञ्चालन हुने अवस्था सिर्जना गर्नुपर्ने बताए । समितिका सभापति दाहालले समितिले दुवै पक्षको गुनासालाई सरोकारवाला पक्षसँगको छलफलबाट निष्कर्षमा पुर्‍याइने बताए ।

# धनतेरस पर्वमा नयाँ भाँडा खरिद गरी मनाइँदै



काठमाडौँ (रासस)/ कार्तिक कृष्ण त्रयोदशीका दिन मनाइने धनतेरस पर्व मंगलबार सुन, चाँदी, तामा आदि धातुका नयाँ भाँडा कुँडा किनेर ल्याई घरमा राखिँदैछ । यसरी ल्याइएको भाँडाकुँडामा कार्तिक कृष्ण औँसीका दिन लक्ष्मीपूजा गरिन्छ ।

यसरी पूजा आरधना गरेमा लक्ष्मी स्थिर भई बस्छिन् भन्ने वैदिक सनातन हिन्दू धार्मिक विश्वास छ । धनतेरसका दिन सुन चाँदीको गहना किनेर ल्याउने प्रचलन समेत छ । धार्मिक विश्वासकै कारण मंगलबार भाँडाकुँडा एवं गरगहना किन्नेको भीड लाग्ने गर्छ ।

आजको दिनलाई धन त्रयोदशी, भाण्ड त्रयोदशी जस्ता नामले समेत चिनिन्छ । आजका दिन नयाँ भाँडा किनेमा लक्ष्मीले सधैँ घरमा बास गर्छिन् भन्ने धार्मिक विश्वास छ । यस विश्वासका आधारमा भाँडा पसलमा बिहानैदेखि ग्राहकको भीड लागेको छ । गत वर्ष जस्तो कोरोना त्रास नभएकाले पनि यस वर्ष भाण्ड त्रयोदशीका अवसरमा भाँडा पसलमा भीड लागेको हो । भाँडा पसलमा एक साताअघिदेखि नै तामा, पित्तल लगायत धातुका भाँडा आकर्षक रूपमा साज सज्जा गरी राखिएको छ ।

यमपञ्चकको पहिलो दिन मंगलबार साँझदेखि यमराजलाई प्रसन्न बनाउन घरमा परिवार संख्या अनुसार यमदीप दान शुरु गरिँदै छ । यसरी दीप दान गर्नाले यम यातनाबाट मुक्त भइन्छ भन्ने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्व अध्यक्ष प्रा डा रामचन्द्र गौतमले जानकारी दिए ।

दीपावली, तिहार, यमपञ्चकजस्ता नामले परिचित यो पर्व नेपालीले मनाउने दशैँ पछिको दोस्रो ठूलो चाड हो ।

मंगलबारदेखि विधिवत् रूपमा कार्तिक शुक्ल द्वितीयासम्म घर, व्यापारिक प्रतिष्ठानलगायत स्थानमा झिलीमिली बत्ती बालेर दीपावली गरिन्छ ।

# जुवातास खेल्ने र खेलाउने चार पक्राउ

भक्तपुर (रासस)/ मध्यपरातमा जुवा तास खेलिरहेका चारजनालाई भक्तपुर महानगरीय प्रहरी परिसरबाट खटिएको टोलीले पक्राउ गरी मंगलबार सार्वजनिक गरेको छ ।

भक्तपुर नगरपालिका-७ गोल्मढी बस्ने ३८ वर्षीय राजेश खायमलीको जस्ताको टहरामा सञ्चालित किराना पसलमा जुवातास खेलाइरहेको अवस्थामा प्रहरीले गएरात उनीहरूलाई पक्राउ गर्नाका साथै ६९ हजार ७५० बरामद गरेको हो ।

पक्राउ पर्नेमा जुवा तास खेलाउने खायमलीसहित सोही ठाउँका ४५ वर्षीय बलराम ग्वाछा, ३६ वर्षीय प्रवीन ग्वाछा र ४९ वर्षीय रविन श्रेष्ठ रहेको प्रहरी नायब उपरीक्षक दीपक गिरीले बताए । पक्राउ परेका सबैलाई जगातीस्थित महानगरीय प्रहरी बृत्त राखेर कारबाही अघि बढाइएको उनले जानकारी दिए ।

# तिहारमा घर जानेलाई खोप




काठमाडौँ (रासस)/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तिहारमा घर जाने यात्रुलाई आजदेखि कोरोना भाइरस विरुद्धको खोप लगाउन थालेको छ ।

स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाका बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख सागर दाहालले चाडपर्वमा घर जाने यात्रुलाई लक्षित गरी गोगंबु बसपार्क, कलंकी, बल्खु र कोटेश्वरमा आजदेखि खोपको पहिलो मात्रा दिन थालिएको जानकारी दिए ।

उनका अनुसार मंगलबार बिहानैदेखि ती ठाउँमा घर जाने यात्रुलाई खोप दिइरहेको छ । बिहान ७ बजेदेखि साँझ ७ बजे खोप प्रदान गरिने छ । जिल्ला स्वास्थ्य कार्यालय काठमाडौँका प्रमुख शम्भु काफ्लेले खोप लगाउनका लागि रेडक्रसका स्वम्सेवक परिचालन गरिएको बताए । "बसपार्कको टिकट काउन्टरमा गई स्वयसेवकले खोप लगाउन यात्रुलाई अनुरोध गर्नेछन्", उनले भने, "अनि ती घर जान लागेका यात्रु नजिकैको खोप केन्द्रमा गई खोप लगाउने छन् ।"

उनले अहिले ५०० मात्रा चारै वटा खोप केन्द्रमा पठाइएको र आवश्यकता अनुसार खोप उपलब्ध गराउने जानकारी दिए । भेरोसेल र एस्ट्राजेनिका खोप यात्रुलाई प्रदान गरिने छ । पहिलो मात्रा दिइसकेको ती यात्रुलाई घरबाट फर्केपपछि दोस्रो मात्राको खोप प्रदान गरिने छ । खोप मंगलबार र बुधबार गरि प्रदान गरिने छ ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु



तुलसीपुर (रासस)/ दाङको राप्ती नदीस्थित पुलमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

सिसहनिया-महादेवा जोड्ने पुलमा गए राति रा १ प ६३४५ नंको मोटरसाइकल दुर्घटना हुँदा गढवा गाउँपालिका-२ घुस्राका २२ वर्षीय समिर चौघरीको ज्यान गएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । मोटरसाइकल अनियन्त्रित भइ दुर्घटना हुँदा गम्भीर घाइते चौधरीको उपचारका क्रममा लमही अस्पतालमा मृत्यु भएको हो ।

# 'दुई वर्षभित्र सबै घरधुरीमा विद्युतीकरण गरिनेछ'

काठमाडौँ (रासस)/ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले आगामी दुई वर्षभित्र सबै नेपालीको घरमा विद्युत् सुविधा पुर्‍याउने सरकारको लक्ष्य रहेको बताएका छन् ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको रजत महोत्सवका अवसरमा मंगलबार आयोजित समारोहमा मन्त्री भुसालले केन्द्रीय प्रसारण लाइन पुग्न नसक्ने स्थानमा वैकल्पिक ऊर्जाको माध्यमबाट विद्युत् सुविधा प्रदान गरी आधुनिक ऊर्जाको पहुँचबाट कोही पनि नागरिक वञ्चित हुनु नपर्ने धारणा राखे ।

उनले स्वदेशी विद्युत् खपत बढाउन, आयातीत इन्धनलाई कम गर्न र असन्तुलित व्यापार घटा न्यून गर्न विद्युत् ऊर्जालाई प्रमुख प्राथमिकता दिएको उल्लेख गरे । सिँचाइको अभावमा जमिन बाँझो राख्न नपरोस् भनेर सिँचाइका लागि प्रयोग हुने ऊर्जाको महसुल घटाइएको र आगामी दिनमा यसलाई नि:शुल्क गरिने नीति सरकारको रहेको बताउँदै मन्त्री भुसालले यसबाट मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर गर्न सकिने विश्वास व्यक्त गरे । उनले समातामूलक राष्ट्र निर्माणका लागि गरिब जनतासम्म ऊर्जाको पहुँच पुर्‍याउने उद्देश्यले सरकारले २० युनिटभन्दा कम खपत गर्नेलाई नि:शुल्क विद्युत् सेवा प्रदान गर्ने निर्णय गरेको बताएका छन् ।

'यस सुविधाबाट २० युनिटभन्दा कम खपत गर्ने २६ लाख घरधुरीका झण्डै एक करोड ३० लाख जनसंख्या प्रत्यक्ष लाभान्वित हुनेछन्,', उनले भने । मन्त्रालयका सचिव देवेन्द्र कार्कीले वैकल्पिक ऊर्जाको माध्यमबाट देशका दुर्गम भेगमा बसोबास गर्ने जनतालाई ऊर्जा सेवा प्रदान गर्न सकिएको र अन्तर्राष्ट्रियस्तरमा पनि कार्बन व्यापार गरी विदेशी मुद्रा आम्दानी गर्ने बाटो खुला भएकाले यस प्रविधिलाई राज्यले उच्च प्राथमिकतामा राखेको बताए ।

नेपालका लागि बेलायतका राजदूत निकोला पोलिटले नेपालले नवीकरणीय ऊर्जाको विकास र प्रवर्द्धनमा उल्लेखनीय प्रगति हासिल गर्न सकेको उल्लेख गर्दै जलवायु परिवर्तनबाट सिर्जित विश्वव्यापी समस्या समाधानका लागि स्वच्छ ऊर्जा प्रविधिमा लगानी बढाउनु पर्दछ भने ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक डा मधुसूदन अधिकारीले केन्द्रमार्फत २५ वर्षको अवधिमा नवीकरणीय ऊर्जा प्रविधिहरुमार्फत करिब ३५ लाख घरधुरीका बासिन्दा लाभान्वित भएको जानकारी दिए ।

उनका अनुसार लघुजलविद्युत्बाट ३६ मेगावाट विद्युत् उत्पादन भई दुई लाख ३७ हजार घरधुरी तथा सौर्य प्रणालीबाट नौ लाख ६१ हजार घरमा विद्युतीकरण भएको, १६ लाख सुधारिएको चुलो जडान हुनाको साथै ११ हजार पानीघट्ट, दुई हजार ८०० वटा संस्थागत सौर्य प्रणाली र ३४४ ठूलासहित चार लाख ३३ हजार बायोग्यास प्लान्ट जडान भएका छन् ।

यसबाहेक केन्द्रले एक मेगावाटभन्दा बढीका सौर्य र वायु ऊर्जा मिश्रित मिनीग्रिड प्रणाली पनि जडान गरेको छ । नेपाल नवीकरणीय ऊर्जा परिसैका अध्यक्ष गुणराज ढकालले नेपालमा वैकल्पिक ऊर्जाको विकास र विस्तारमा निजी क्षेत्रको ठूलो योगदान रहेको बताउँदै सरकार र दातृ निकायले निजी क्षेत्रलाई सँगसँगै लिएर अगाडि नबढेसम्म आगामी दिनमा पनि लक्षित उपलब्धि हासिल हुन सक्दैन भने ।

समारोहमा यस वर्षको मञ्चुका स्मृति अक्षय कोषबाट स्थापित सुप्रविध स्मृति नवीकरणीय ऊर्जा पुरस्कारबाट हस्क पावर नेपाल प्रालि (वीरगञ्ज), घाम पावर नेपाल प्रालि (काठमाडौँ) र पृसु इलेक्ट्रोनिक्स प्रालि (काठमाडौँ) लाई प्रदान गरियो । नवीकरणीय ऊर्जा क्षेत्रमा विशिष्ट योगदान दिने संस्थालाई प्रदान गरिने यो पुरस्कारको राशि जनही २५ हजार रहेको छ ।

सो अवसरमा मन्त्री भुसालले नवीकरणीय ऊर्जा क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउने दातृ निकाय, निजी क्षेत्रका सैसंस्था तथा प्राज्ञिक व्यक्तित्व एवं सञ्चारकर्मीहरुलाई सम्मानित गरेका थिए ।

# किसानलाई राहत रकम वितरण

चितवन (रासस)/ रत्ननगर नगरपालिकाले वर्षाले धान क्षति भएका किसानलाई राहत वितरण सुरु गरेको छ । नगरपालिकाले दुई हजार किसानलाई झण्डै ९० लाख राहत वितरण गर्ने गरी काम अघि बढाएको छ ।

गत असोज २९, ३० र ३१ गतेको वर्षाले किसानको भित्र्याउने बेलाको धानमा क्षति गरेको थियो । सो नगरपालिकाले वडा नं १ बाट राहत वितरण सुरु गरेको छ । नगरप्रमुख नारायण वनले वडा नं १ का किसान ब्रमा चौधरीलाई राहत रकम सोमबार हस्तान्तरण गरेर वितरण कार्यक्रमको औपचारिक सुरुआत गरेका छन् । उनका अनुसार सबै वडामा वितरण गर्ने गरी रकम पठाइसकिएको छ । रत्ननगरमा किसानको दुई कादेखि साढे पाँच बिघासम्मको धानमा क्षति पुगेको छ । वर्षाले १६ वडामा दुई हजार किसानको ९०० बिघा धानखेती पूर्णरूपमा क्षति भएको छ ।

प्रतिबिघा १० हजारका दरले ९० लाख राहतस्वरुप वितरण हुने कृषि शाखा प्रमुख प्रवीण लामाले जानकारी दिए । धान काटेर निइन लगाएको र पानीले भिजेको धानको मात्र राहत प्रदान गरिएको उनले बताए । सबैभन्दा धेरै वडा नं ५ टरौलीका किसान चामुनारायण चौधरीको पाँच बिघा १० का क्षेत्रफलमा लगाएको धानखेती कुहिएर नष्ट भएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com



**तिहार आयो:** मकवानपुरको उत्तरी क्षेत्र फाखेलमा तिहार नजिकिँदै गर्दा व्यवसायिक उपयोगका लागि सयपत्री फूल टिप्दै स्थानीय । *तस्वीर: सुरज पाखिन*

## पूर्वमुख्यमन्त्री पौडेलको दाबी

# पत्रकार सत्यसँग लड्नु हुँदैन

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले पत्रकार सत्यसँग लड्ने र असत्यसँग झुक्न नहुने दाबी गरेका छन् ।



मंगलबार प्रेस चौतारी नेपाल मकवानपुरले आयोजना गरेको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रमलाई सम्बोधन गर्दै उनले समाजमा दबिएका आवाजहरुलाई बाहिर निकाल्दै आवाजविहिनहरुको आवाज बन्ने क्रियाकलापमा पत्रकारहरुले ध्यान दिनुपर्ने बताए । नेपालको हरेक परिवर्तनको आन्दोलनमा पत्रकारहरुको भूमिका महत्वपूर्ण रहेको उनको भनाइ थियो ।

कार्यक्रममा बोल्दै विशेष अतिथिसमेत रहेका एमाले मकवानपुरका अध्यक्ष बद्री लम्सालले हाल मुलुकमा भएको दुर्दशाको विषयमा पत्रकारहरुले कलम चलाउनुपर्ने बताए । वर्तमान गठवन्धनको सरकारले न्यायपालिकामा समेत हस्तक्षप गरेको, न्याय-पालिकालाई समेत भागबण्डामा समाहित गरेको विषयमा पत्रकारहरु चनाखो बन्नुपर्ने उनको तर्क थियो ।

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघमा एसोसियट तर्फबाट उपाध्यक्षमा विजयी भएका प्रेस चौतारी मकवानपुरका सल्लाहाकार, ब्रोडकास्टिङ एशोसिएसन (बान)का कार्यवाहक अध्यक्षसमेत रहेका उज्जवल चौलागाईंलाई खादा ओढाएर सम्मान समेत गरिएको थियो । कार्यक्रम प्रेस चौतारी नेपाल मकवानपुरका अध्यक्ष धर्मेन्द्र दाहालको अध्यक्षतामा भएको हो ।

कार्यक्रममा एमालेका बागमती प्रदेश सदस्य तथा जिल्ला समन्वय समितिका प्रमुख रघुनाथ खुलाल, सामजिक विकास पूर्वराज्यमन्त्री जुनेली श्रेष्ठ, बागमती प्रदेश सदस्य भोजराज ढकाल, एमाले जिल्ला सचिव एकालाल श्रेष्ठ, सचिवालय सदस्य नवीन सिग्देल, एमाले जिल्ला सदस्य ध्रुबप्रसाद चौंलागाई, प्रेस चौतारी नेपालका बागमती प्रदेश सहसंयोजक प्रकाश दाहाल, युवा संघ नेपालका केन्द्रीय सचिवालय सदस्य मिलन पाठक, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका सस्थापक अध्यक्ष प्रताप विष्ट, वर्तमान उपाध्यक्ष रुपेश दुलाल, महासचिव कृष्ण सारुमगर, नेपाल पत्रकार महासंघ मकवानपुरका उपाध्यक्ष ध्रुव अधिकारी, प्रेस युनियन मकवानपुरका अध्यक्ष कुमार अधिकारी, प्रेस सेन्टरका जिल्ला अध्यक्ष अन्जली थापालगायतको आतिथ्यता रहेको थियो ।

# प्रतिवेदन कार्यान्वयनको अवस्थाबारे गोष्ठी




साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडामा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड) १९७९ को प्रतिवेदन कार्यान्वयन बारे गोष्ठी भएको छ ।

सिडको छैठौं आवधिक प्रतिवेदनको सिफारिसहरुको कार्यान्वयनको अवस्था विषयक प्रदेशस्तरीय फलोअप गोष्ठीमा बियोण्ड बेइजिङ कमिटी नेपालकी कार्यक्रम अधिकृत रेयुशा चालिसेले स्वागत र कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेकी थिइन् ।

कार्यक्रममा स्रोतव्यक्ति बेनुमायाँ गुरुङको प्रस्तुती रहेको थियो । युवा सेवा समाज (युसेस) मकवानपुरले संयोजन गरेको कार्यक्रम बियोण्ड बेइजिङ कमिटी नेपालले आयोजना गरेको हो ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालको प्रमुख आतिथ्य तथा युवा सेवा समाज (युसेस) मकवानपुरका अध्यक्ष बुद्धशरण लामाको अध्यक्षतामा भएको कार्यक्रममा जिल्लाका सरोकारवाला निकायका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । बागमती प्रदेशका मकवानपुर, चितवन, काठमाडौं लगायत ९ जिल्लाका सरकारी/गैरसरकारी निकायका प्रतिनिधिको सहभागिता जनाएका थिए ।

कार्यक्रममा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड)को परिचय, बिशेषता, अविभेदको सिद्धान्त, समानताको सिद्धान्त, समानता सम्बन्धि दृष्टिकोण, सिड महत्वपूर्ण हुनुको मुख्य कारण, विभिन्न अधिकारहरु, उजुरी गर्ने कार्यविधि, राज्यको दायित्व, प्रतिवेदन सम्बन्धि संयन्त्र, सिड समितिमा प्रस्तुत गरिने प्रतिवेदनको स्वरुपहरु, छायाँ प्रतिवेदनको परिचय, आवधिक प्रतिवेदन, महिलाको यौन, प्रजनन स्वास्थ्य तथा अधिकार सम्बन्धि सिफारिसहरु, सरकारी प्रतिवेदनमा प्रस्तुत तथ्यांकहरु, स्वास्थ्य सम्बन्धि सुझावहरु प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा सहभागीहरुको ५ समूह बनाई विद्यमान नीतिगत तथा कार्यक्रमिक व्यवस्था र अवस्था, उदयमान मुद्दाहरु, चुनौतिहरु, सिफारिसहरुको कार्यान्वयनको अवस्था र आगामी कार्यदिशाबारे छलफल गरि प्रस्तुतीकरण गरिएको जनाइएको छ ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका योजना, बजेट तथा तथ्यांक महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिना, बागमती प्रदेश सामाजिक विकास मन्त्रालयकी महिला तथा बालबालिका महाशाखा अधिकृत चन्द्रकुमारी व्यञ्जनकार लगायतको आतिथ्य थियो ।

# भीमफेदी र गढीमा कांग्रेसको चियापान

साझाकुरा संवाददाता

हेटौंडा/नेपाली कांग्रेस भीमफेदी गाउँपालिकनको आयोजनामा भीमफेदीमा शुभकामना आदानप्रदान एवं चियापान कार्यक्रम भएको छ ।

कांग्रेस भीमफेदी गाउँपालिका सभापति सञ्जिव श्रेष्ठको सभाध्यक्षता, केन्द्रीय सदस्य महालक्ष्मी उपाध्याय डिनाको प्रमुख आतिथ्यता, बागमती प्रदेश संसदीय दलका नेता एवं जिल्ला सभापति इन्द्रबहादुर बानियाँको विशेष आतिथ्यतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा गाउँपालिका सहसचिव मञ्जु भ्लोन, महिला संघ संयोजक राधिका बास्तोला, भीमफेदी तरुण अध्यक्ष मित्रबन्धु सिंजाली, ४ नम्बर वडा सभापति ओमबहादुर थापालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

यसैगरी, मकवानपुर गढी-८ बुढीचौरमा पनि शुभकामना आदानप्रदान कार्यक्रम भएको छ । सभापति बेदनाथ न्यौपानेको सभाध्यक्षता एवं बागमती प्रदेश संसदीय दलका नेता तथा जिल्ला सभापति इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो ।

कार्यक्रममा माओवादी र एमाले परित्याग गरि १३० जना कांग्रेसमा प्रवेश गरेका थिए । कार्यक्रममा नेताहरु प्रदीप कोइराला, भीम लामा, यतिराज सापकोटा, लोक मुक्तान, दोर्जेलामा स्याङतान, राजविर मुक्तान, राजु खतिवडा, सचित थापा लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# निर्माण व्यवसायीद्वारा शुभकामना आदानप्रदान



साझाकुरा संवाददाता

हेटौंडा/निर्माण व्यवसायी संघ मकवानपुरले दीपावली तथा छठ पर्वको अवसरमा मंगलबार शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रमको आयोजना गरेको छ ।

कार्यक्रम संघका अध्यक्ष श्यामसुन्दर ढकालको अध्यक्षता तथा नेपाली कांग्रेस संसदीय दलका नेता एवम् कांग्रेस मकवानपुरका सभापति इन्द्रबहादुर बानियाँको प्रमुख अतिथ्यतामा भएको हो ।

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारी तथा सदस्य समितिलाई सम्मानसमेत गरिएको थियो । संघका अध्यक्ष कृष्णकुमार गुप्तासहितको टिमलाई सम्मान गरिएको हो ।

चियापान कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भरत मणि पाण्डे, नेकपा एमाले मकवानपुर अध्यक्ष बद्रीप्रसाद लम्साल, कांग्रेस जिल्ला सचिव बुद्ध लामा, हेटौंडा १ का वडा अध्यक्ष सबिन न्यौपाने, निर्माण व्यवसायी संघका सल्लाहकार, पदाधिकारी लगायतको सहभागिता रहेको थियो ।

# प्रणामी व्यवसायी संघमा पुडासैनी



साझाकुरा संवाददाता

हेटौंडा/कृष्ण प्रणामी समुदायभित्रका व्यवसायीहरुको छाता संगठनको रुपमा प्रणामी व्यवसायी संघ मकवानपुर गठन भएको छ ।

संघको हेटौंडामा भएको भेलाले विनोद पुडासैनीको संयोजकत्वमा १७ सदस्यीय कमिटी गठन गरेको छ । संघको तदर्थ समिति निर्माण गरिएको हो ।

जसको सहसंयोजकमा धर्मराज ढकाल (राजु) तथा सदस्यहरुमा प्रकाश वाग्ले, नवीन तिवारी, सागर उप्रेती, नवीन तिमल्सिना, अजय सापकोटा, बिदुर धिमाल, कृष्णसुन्दर खतिवडा, पुरुषोत्तम सिलवाल, सुमन लम्लास चयन भएका छन् ।

यसैगरी सदस्यहरुमै रमेश वाग्ले, भरत ढकाल, गुरुप्रसाद ढकाल, प्रकाश खतिवडा, अर्जुन ढकाल, शिवप्रसाद खतिवडा चयन भएको संघका केन्द्रीय अध्यक्ष विष्णु वाग्लेले जानकारी दिए ।

हेटौंडामा प्रणामी व्यवसायी संघ केन्द्रीय कमिटीले मकवानपुर उद्योग वाणिज्य संघमा नवनिर्वाचित पदाधिकारीहरुलाई स्वागत तथा सम्मान गरेको थियो । संघका केन्द्रीय अध्यक्ष वाग्लेको सभाध्यतामा भएको कार्यक्रममा मउवा संघका नवनिर्वाचित अध्यक्ष कृष्णकुमार गुप्ता (अग्रवाल), संघका निवर्तमान अध्यक्ष कृष्ण कटुवाल, उपाध्यक्ष अनिल अग्रवाल, प्रमोद सिंह रानाभाट, उज्वल चौलागाई लगायतको आतिथ्यता थियो ।

# अब हेटौंडाबाटै...

'देशका बुटबल, जनकपुर, पोखरा, धनगढीलगायतका ठाउँबाट जस्तै यहाँबाट पनि श्रम स्वीकृतिको व्यवस्था गरिनेछ ।' मन्त्री श्रेष्ठले भने । उनले स्थानीय तहलाई संघीयताको अनुभूती हुने गरी सहकार्य गर्न तयार रहेको बताएका छन् ।

मन्त्री श्रेष्ठलाई कार्यालय प्रमुख छन्द नारायण श्रेष्ठले कार्यालयमा सवारीसाधनको अभाव रहेको र भएका पनि काम नलाग्ने खालका भएको गुनासो गरेका छन् । उनले हलुका सवारीसाधनको चालकको दरबन्दी नहुँदा समस्या हुँदै आएको बताएका थिए । प्रदेशको राजधानीमा पहिलेको पूर्वाधार र कर्मचारी संरचना अपुग भएकाले व्यवस्थापनमा ध्यान दिने बताए । हेटौंडामा औद्योगिक क्षेत्र भएकाले श्रमिक तथा रोजगार दाताका समस्या समाधानमा ध्यान दिन निर्देशन दिए ।

उनले आफूले गर्न नसक्ने कुरा नबोल्ने बताउँदै अहिले वैदेशिक रोजगार, सामाजिक कोष, प्रधानमन्त्री स्वरोजगार कार्यक्रम लगायतका विभिन्न कार्यक्रमका विषयमा भएका समस्या समाधानका लागि आफू लागिपर्ने प्रतिबद्दता व्यक्त गरे । 'जे बोल्ने हो त्यो गर्ने हो, गर्नसक्नेमात्र बोल्ने हो ।,' श्रेष्ठले भने । अनुगमनमा मन्त्री श्रेष्ठसँगै एकीकृत समाजवादी मकवानपुरका अध्यक्ष श्रीधर पोखेल, पार्टी उपाध्यक्ष एवं हेटौंडा उपमहानगरपालिकाकी उपप्रमुख मीनाकुमारी लामा, सचिव विष्णुप्रसाद दाहालगायतको सहभागिता रहेको थयो ।

# 'भारतलाई विकासको साझेदार बनाउन सक्नुपर्छ'




साझाकुरा संवाददाता

हेटौंडा/नेपालको आर्थिक विकासको सवालमा नेपाल भारतबीच साझा अवधारण विषयमा सोमबार हेटौंडामा पत्रकारहरुसंग अन्तरक्रिया एवं छलफल गरिएको छ ।

नेपाल भारत मानव विकास एवम् मैत्री संघका प्रमुख सूर्य भुसालले मकवानपुरका पत्रकारहरुसँग अन्तरक्रिया एवं छलफल गरेका हुन् । कार्यक्रममा प्रमुख भुसालले भारत र नेपालबीच विकासका साझा अवधारणाहरु क-के हुन सक्छन् तिनको पहिचान गरि आ-आफ्नो क्षेत्रबाट तिनलाई उजागर गर्नुपर्ने बताए ।

छफलका क्रममा नेपालको विकासमा भारतलाई सामान्य छिमेकी मात्र नभई साझेदार मित्रका रुपमा लिएर जानुपर्नेमा जोड दिइएको थियो । नेपालले भारतसँगको सम्बन्धलाई बिगतमा राजनितिक परिवर्तनको एउटा हिस्सा मानेपनि अब सामाजिक र आर्थिक परिवर्तनको हिस्सेदार मान्नुपर्नेमा भुसालले जोड दिए ।

उनले भारतले नेपालको लागी शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, उर्जा, कृषि, पर्यापर्यटन, जस्ता क्षेत्रका विकासमा सहयोगी भूमिका खेल्नसक्ने भएकाले हामीले त्यसका बारेमा सोच्ने बेला आएको बताए । उनले विगतमा जस्तै अहिलेपनि नेपाली राजनितिक दलका नेताहरु सरकार बनाउन सहयोग माग्ने, पार्टीको प्रमुख बनाईदिन आग्रह गर्न दिल्ली पुग्ने गरेको आरोप लगाए ।

प्रमुख भुसालले अब भारतलाई नेपालको राजनिती भन्दा बाहिर निकालेर आर्थिक सामाजिक परिवर्तनका लागी उपयोग गर्नुपर्ने बताए । उनले यसको लागी नेपालका राजनितीक दलका नेताहरु निजि स्वार्थ त्याग्नुपर्नेमा जोड दिए ।

भारतले नेपालको विकासको लागि खर्बौ रकम सहयोग गरेपनि धेरै आयोजनाहरु नेपाली राजनीतिको कारण अलपत्र परेको उनको दाबी छ । उनले नेपालको बिकासको आवश्यकतामा भारतलाई दुस्मनको दृष्टिले नभइ मित्रको दृष्टिले हेर्नुपर्ने उनको भनाइ थियो । उनले नेपाल र भारत अभिन्न छिमेकी मुलक भएकाले नेपालको शत्रु भारतको मित्र र नेपालको शत्रु भारतको मित्र हुनै नसक्ने ठोकुवा गरे । उनले नेपालको विकासले भारतलाई नै फाइदा पुग्ने भएकोले भारत नेपालको विकास चाहँदैन भन्नु गलत हुने दावी गरे ।

चितवन मेडिकल कलेज, CMC भरतपुरका
वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ
डा. प्रकृति सिटैला
अब
हेटौंडा सिटी हस्पिटलमा
तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै:-
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- महिनावारी गडबडी हुने
- सेतो पानी बग्ने
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली सम्बन्धि समस्या लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुमको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र आजै आफ्नो नाम दर्ता गर्नुहोला ।
थप जानकारीको लागि
हेटौंडा सिटी हस्पिटल प्रा.लि.
फोन नं.:०५७-५२०३१५, ५२०५७०, साथै प्रत्येक दिन HD Quality को अत्याधुनिक प्रविधियुक्त Endoscopy सेवा ।




गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

"तपाई, हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईहरुकै माझमा छौं,
पाठकको चाहनालाई मध्यनजर गर्दै
परिष्कृत ढंगले अघि बढ्दैछौं ।
वेवसाइडमाः www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।



साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना, हेटौंडा-१, चौकीटोल